नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्यसचिव श्री सुमनराज अर्यालज्यूको संयोजकत्वमा मिति २०८२ फागुन १ गते बुधबार केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७३ औं बैठक सम्पन्न भएको छ। विभिन्न पदाधिकरीहरूको उपस्थितिमा भएको उक्त बैठकले केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७२ औं बैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्दै बजार अनुगमन र कालोबजारी नियन्त्रण, मालसामान र सेवा खरिद बिक्रीमा कारोबार गर्दाकै समयमा यथार्थ मूल्यमा बिलबीजक जारी गर्ने तथा एल.पी. ग्यासको आपूर्ति/ व्यवस्थापन लगायतका सम्बन्धमा देहाय बमोजिमको निर्णय गरेको छ।

१. आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा खाद्यान्न, पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासजस्ता दैनिक उपभोग्य वस्तुहरूमा हुन सक्ने कृत्रिम अभाव, मूल्य वृद्धि र कालोबजारीजस्ता गैरकानुनी कार्यहरू रोक्न अर्थ मन्त्रालय, गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आपसी समन्वयमा नियमित बजार अनुगमन गरी प्रभावकारी कारबाही प्रक्रिया अगाडि बढाउने।

२. मालसामान र सेवा खरिद बिक्रीमा कम्प्युटर बिलिङ र अनलाइन बिलिङलाई विस्तार गर्ने, कारोबार अङ्कमा नै विद्युतीय अभिलेख रहे-नरहेको यकिन गर्न बजार अनुगमनको दायरा विस्तार गर्ने। मालसामान र सेवा खरिद बिक्रीमा बिल लिने-दिने कार्यलाई प्रवर्द्धन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयले व्यवसायी र उपभोक्ता शिक्षाका कार्यक्रमहरू नियमितरूपमा सञ्चालन गर्ने। बजार अनुगमनको सघनता र तीव्रता बढाउने। मालसामान र सेवा खरिद बिक्रीमा विद्युतीय भुक्तानी गर्दा व्यावसायिक प्रतिष्ठानको बैङ्क खाता प्रयोग नगरी व्यक्तिगत खाता प्रयोग हुनसक्ने कार्यलाई नियन्त्रण गर्ने।

३. खाना पकाउने ग्यास (LP Gas) को आपूर्ति श्रृङ्खलामा उत्पन्न समस्या समाधानका लागि नेपाल आयल निगमले आपूर्ति व्यवस्थापन सम्बन्धी जानकारी नियमित रूपमा सार्वजनिक गर्ने; साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयले ग्यास उद्योग, थोक तथा खुद्रा बिक्रेताहरूको नियमित अनुगमन र निगरानी गरी खाली सिलिण्डर सङ्कलन व्यवस्थालाई मजबुत गर्ने, रिफिल व्यवस्थापनलाई भरपर्दो बनाई समस्या समाधान गर्ने। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमले ग्यास उद्योगहरूको आयात कोटा अनुसारको पर्याप्त परिमाणमा आयात गर्न र आन्तरिक आपूर्ति प्रणाली चुस्त बनाउन समन्वय र सहजीकरण गर्ने।

४. काठमाडौं उपत्यका लगायतका सहरको वायु प्रदूषण नियन्त्रणका लागि हानिकारक ग्यास उत्सर्जन गर्ने सवारी साधनलाई कारबाहीको दायरामा ल्याउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतबाट नियमित सवारी परीक्षण गर्ने। सवारी परीक्षणका लागि सम्बन्धित स्थानीय तहहरूसँगको समन्वयमा कार्य गर्ने। वन तथा वातावरण मन्त्रालय मातहतबाट उद्योग धन्दा र ईँटा भट्टाहरूको नियमित अनुगमन गरी हानिकारक ग्यास उत्सर्जन नियन्त्रण गर्ने। सार्वजनिक निर्माणका कार्यहरूबाट उत्पन्न हुने धुलो नियन्त्रणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेतृत्वमा पूर्वाधार निर्माणसँग सम्बन्धित सङ्घीय र प्रदेश मन्त्रालयका निकायहरू एवम् स्थानीय तहसँग समन्वय गरी सात दिनभित्र तत्कालिन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। उक्त कार्यमा वन तथा वातावरण मन्त्रालयले समेत आवश्यक सहयोग गर्ने।

५. उपर्युक्त निर्णय कार्यान्वयन अवस्थाबारे सम्बन्धित मन्त्रालय/ निकायले सात-सात दिनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य प्रगति विवरण पठाउने र कार्यालयको सम्बन्धित महाशाखाले निर्णय कार्यान्वयनको नियमित जानकारी लिने।

२०८२/११/१

(हेमराज अर्याल)
सहसचिव/प्रवक्ता

२०८२ फागुन १ गते, बुधवार
ने.सं. ११४६, सिल्लागा, एकादशी